# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

### सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत जडिबुटी,जिवजन्तु र कवाडी कर संकलनका लागि ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

( दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१७ गते)

यस नगरपालिकाले आ. व. २०८३/०८४ कालागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ तथा सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) ऐन, २०८२ को दफा ६ सुनबमोजिम यस कार्यालयको मिति २०८३/०२/२५ गतेको निर्णयानुसार जडिबुटी,जिवजन्तु र कवाडी कर असुली गर्ने कार्यका लागि विद्युतीय माध्यमबाट ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजस्व ०१/०८३/८४ | जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने । | नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वामित्वमा रहेका क्षेत्रबाट जडिवुटी,जीवजन्तु र कवाडी कर संकलन गर्ने । | रु. ४७,१०,०००।०० अक्षेरुपी सतचालिस लाख दस हजार मात्र। |

**शर्तहरुः-**

१. बोलपत्र फारम दस्तुर रकम रु. ५०००/- अक्षेरुपी पाँच हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

२. माथि उल्लेखित ठेक्कामा अशुल गर्ने शुल्कको दर सुन्दरहरैंचा नगरपालिकाले तोके अनुसार हुनेछ ।

३. ठेक्काको अवधि आ.व.०८३/८४ मा सम्झौता भएको मिति देखि २०८४ आषाढ मसान्त सम्म मात्र हुनेछ ।

४. बोलपत्र फारम पेश गर्दा फर्म वा कम्पनीको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाणपत्रका साथ बोलपत्र फारम खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रका साथ कबोल अंकको ५ प्रतिशतले नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन मान्यवधी भएको मान्यता प्राप्त बैकको बैंक जमानत समेत को सक्कलै कागजात/भौचर www.bolpatra.gov.np/egp. मा अपलोड गर्नु पर्नेछ ।

५. वोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०३/२९ गते दिनको १२.०० बजे ।

६. बोलपत्र खोल्ने मितिः२०८३/०३/२९ गते दिनको १.०० बजे ।

७. स्थानः सुन्दरहरैंचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ ।

८. बोलपत्र पेश गर्दा यसै सूचनाको बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु सहित पेश गर्नुपर्नेछ ।

९. यदी बोलपत्रमा कुनैपनी प्रकारको संसोधन गर्नुपरेमा सुन्दरहरैंचा नगरपालिकाको वेवसाईड www.sundarharaichamun.gov.np र www.bolpatra.gov.np/egp. मा सूचना जारी गरिनेछ ।

१०. बोलपत्र खोल्दा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे बोलपत्र खोलिने छ।

११. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । सामान्यतया बोलपत्र फाराममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । तर प्रस्तावीत अक्षरमा उल्लेख भएको रकम भन्दा अंकमा प्रस्ताव भएको रकम वढी भएमा सार्वजनिक हितको सिद्धान्तका आधारमा वढी रकम प्रस्ताव भएकोलाई मान्यता दिईनेछ ।

१२. ठेक्का कबोल रकम सम्झौता अगावै मु.अ.कर समेत एकमुष्ठ बुझाएमा मु.अ.कर बाहेकको कबोल अंकको १०% रकम छुट दिइनेछ ।

१३. कबोल अंकको हुन आउने १३% मु.अ.कर रकम सम्झौता अगावै अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको सक्कलै बैंक भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ ।

१४. एकमुष्ट ठेक्का रकम सम्झौता अगावै नबुझाई सम्झौता गर्ने भएमा कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता अगावै यस कार्यालयमा बुझाएको हुनुपर्ने र बाँकी ६० प्रतिशत रकमको हकमा मिति २०८३ फाल्गुन ससान्त सम्म समयावधी भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ र सो ६० प्रतिशत बराबरको रकम २०८३ माघ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१५. ठेक्का सम्झौताकर्ताले पेश गरेको बैंक जमानत बमोजिमको ६०% रकम २०८३ माघ मसान्त सम्ममा यस कार्यालयमा नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैक जमानत जफत समेत गरी असुल उपर गरिनेछ ।

१६. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन ।

प्रकाशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सुन्दरहरैँचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

१७. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानवीय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।

१८. एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।

१९. यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैँचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner